# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेड

# Hydroelectricity Investment and Development Company Ltd.

**नयाँबानेश्वर, काठमाडौं**

## ११ औं वार्षिकोत्सवको अवसरमा प्रकाशित कम्पनीका गतिविधि एवम् भावी गन्तव्य सम्बन्धी झलक




### कम्पनीको परिचय

- नेपालको जलविद्युत क्षेत्रको विकासका लागि आवश्यक पर्ने ठुलो परिमाणको पुँजी व्यवस्थापन गर्न दीर्घकालीन प्रकृतिको पुँजी परिचालन गर्ने तथा त्यस्तो वित्तीय स्रोतलाई आर्थिक तथा प्राविधिक रूपले सम्भाव्य जलविद्युत आयोजनामा शेयर वा ऋणका रूपमा लगानी गर्ने प्रमुख उद्देश्यका साथ नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम वि.सं.२०६८ आषाढ २७ गते यस कम्पनीको संस्थापना भएको ।
- प्रारम्भमा जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको नामबाट स्थापना भएको यस कम्पनीको नाम वि.सं. २०७५ मा परिवर्तन गरी हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेडमा रूपान्तरण गरिएको ।
- नेपाल सरकारले मिति २०६८/०४/०२ मा  नेपाल राष्ट्र बैंक ऐनले दिएको अधिकार प्रयोग गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कम्पनीलाई वित्तीय संस्थाको रुपमा तोकेको ।
- मिति २०६९/०३/२६ मा नेपाल राष्ट्र बैंकबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ बमोजिम कम्पनीलाइ ऋण लगानी गर्न स्वीकृति प्रदान गरेको ।
- दशौं वार्षिक साधारण सभाबाट कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गरी कम्पनीले जलविद्युतको क्षेत्रका अलावा अन्य नवीकरणीय उर्जासँग सम्बन्धित परियोजनामा लगानी गर्न सक्ने व्यवस्था थप गरिएको ।
- नेपाल राष्ट्र बैंकले मिति २०७८/१०/१६ मा सार्वजनिक सूचना प्रकाशन गरी बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ (संशोधन सहित) को दफा ३ (घ) बमोजिम यस कम्पनीलाई उक्त ऐनको व्यवस्था लागु हुने संस्थाको रुपमा तोकेको र सो व्यवस्थाबाट कम्पनीको ऋण असुलीका लागि कानुनी आधारसिलाको निर्माण भएको ।
- त्यसै गरी नेपाल राष्ट्र बैंकले “क” “ख” र “ग” बर्गका ईजाजतपत्र प्राप्त संस्थालाई जारी गरेको  एकिकृत निर्देशन, २०७८ को निर्देशन नं. ११ को बुँदा नं. ३(१) मा संशोधन भएको र सो संशोधनबाट यस कम्पनीले बैंक तथा वित्तीय संस्थासँग वा कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोष जस्ता निकायहरुसँग सहवित्तीयकरण गठन गरी सो को नेतृत्व समेत गर्न सक्ने व्यवस्था भएको ।
- हाल कम्पनीको अधिकृत पुँजी रू.५० अर्ब, जारी पुँजी रू.२३ अर्ब ४९ करोड ६० लाख र चुक्ता पुँजी २० अर्ब १९ करोड ६० लाख रहेको छ । प्रवर्द्धक संस्थाहरूले खरिद नगरेको अवितरित ३ करोड ३० लाख कित्ता हकप्रद शेयर अन्य संस्थापक समुहमा बर्गिकरण गरी लिलाम बिक्रीको प्रक्रियामा रहेको छ । पुँजी संरचनामा नेपाल सरकारको ५० प्रतिशत, कर्मचारी सञ्चय कोषको ५ प्रतिशत, नागरिक लगानी कोषको ५ प्रतिशत, राष्ट्रिय बीमा संस्थानको ५ प्रतिशत, अन्य संस्थापक समुहको १५ प्रतिशत र सर्वसाधारण समुहको २० प्रतिशत रहेको ।

### कम्पनीका प्रमुख कार्यहरु

| लगानी सम्बन्धि कार्य | वित्तीय स्रोत परिचालन सम्बन्धी कार्य | अन्य कार्य |
|---|---|---|
| • जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा शेयर वा ऋण लगानी गर्ने ।<br>• त्यस्ता आयोजनाहरूमा प्रत्यक्ष वा बैंक तथा वित्तीय संस्थामार्फत ऋण लगानी गर्ने ।<br>• जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाका लागि जारी हुने बण्ड, डिबेञ्चर जस्ता ऋणपत्रमा कम्पनीले लगानी गर्ने ।<br>• आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजना लिई लगानीकर्ता जुटाउने ।<br>• नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम ऋणको रूपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने । | • विदेशी संस्था एवं गैरआवासीय नेपालीबाट विदेशी मुद्रामा ऋण वा अनुदान प्राप्त गर्ने ।<br>• कम्पनीलाई आवश्यक पर्ने रकम कुनै बैंक वा वित्तीय संस्थाबाट ऋण लिने ।<br>• आफ्नो नामबाट बजेट डिबेञ्चर लगायतका ऋणपत्रहरू तथा सर्टिफिकेट अफ डिपोजिट जस्ता वित्तीय उपकरणहरू जारी गर्ने ।<br>• सामुहिक लगानी कोष स्थापना एवं सञ्चालन गर्ने । | • जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित आयोजनाहरूको प्राविधिक मुल्याङ्कनका लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने ।<br>• जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित आयोजनाको सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मुल्याङ्कन एवं विस्तृत अध्ययन गर्ने गराउने । |

### दिर्घकालिन लक्ष्य

आगामी दश वर्षको दिर्घकालिन लक्ष्य बमोजिम निर्धारण गरिएको छ ।


- कुल लगानीमध्ये न्यूनतम ४५ प्रतिशत शेयर पूँजीमा र अधिकतम ५५ प्रतिशत ऋणमा लगानी गर्ने गरी दीर्घकालीन लगानी संरचना (Portfolio) तयार गर्ने ।
- करिब १० हजार मेगावाट जडित क्षमताका जलविद्युत आयोजनाहरूमा रु. १५० अर्ब बराबरको लगानीमा कम्पनीको संलग्नता रहने ।
- कम्पनीको पूँजी कोषमा न्यूनतम तीन गुणा लचकता (Leverage) कायम गर्ने गरी शेयर पूँजी बापत रु.४० अर्ब र अन्य वित्तीय उपकरणको माध्यमबाट रु. १२० अर्ब सहित कुल रु. १६० अर्ब वित्तीय स्रोतको परिचालन गर्ने ।
- परिचालन भएको वित्तीय स्रोतको न्यूनतम ९० प्रतिशत रकम जलविद्युत आयोजनाहरूमा लगानी गर्ने ।
- कम्पनीका शेयरधनीहरूलाई वार्षिक न्यूनतम १० प्रतिशत दीर्घकालीन प्रतिफल प्रदान गर्ने गरी वित्तीय स्रोतको व्यवस्थापन गर्ने ।

### प्रमुख उपलब्धि तथा गतिविधिहरु


- १३ वटा जलविद्युत आयोजनामा रु. १५ अर्ब ७३ करोड कर्जा लगानी प्रतिवद्धता गरिएको र सो प्रतिवद्धतामध्ये हालसम्म रु. ६ अर्ब ७७ करोड कर्जा प्रवाह भएको ।
- १२ वटा जलविद्युतसंग सम्वन्धित कम्पनी तथा आयोजनाहरुमा करिव रु. ९  अर्ब लगानी प्रतिवद्धता भइ हालसमम्म रु. २ अर्ब ६८ करोड शेयर लगानी प्रवाह भएको ।
- नेपाल विद्युत प्राधिकरणबाट अघि बढाईएका अपर अरुण (१०६१ मेघावाट), चैनपुर सेती (२१० मेगाबाट) लगायत विद्युत उत्पादन कम्पनीबाट अघि बढाइएका ठुला आयोजनाहरुको वित्तीय व्यवस्थापनमा यस कम्पनीको नेतृत्वमा गर्ने गरी प्रक्रिया अघि बढाइएको ।
- विभिन्न अन्तराष्ट्रिय वित्तीय संस्थाहरुसँग वित्तीय स्रोत परिचालन र जलविद्युत आयोजनाको लगानीमा सहकार्य गर्ने सम्बन्धमा छलफल अघि बढाइएको ।
- सहायक कम्पनीहरु मार्फत अघि बढाइएका आयोजनाहरुको पूर्व तयारीका अधिकांश कार्यहरु सम्पन्न भई सकेको ।

### वित्तीय झलकहरु


कुल आम्दानी (रु. करोड)





खुद नाफा (रु. करोड)





लाभांश वितरण




प्रतिशेयर आम्दानी (रु.)




वित्तीय स्रोत परिचालन तथा लगानीको लक्ष्य (रु. अर्ब)




*अनुमानित

---

मा. पम्फा भुसाल
मन्त्री
ऊर्जा, जलस्रोत तथा सिंचाइ

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
www.moewri.gov.np

पत्र संख्या:
चलानी नं.:

नेपाल सरकार माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीज्यूको निजी सचिवालय २०७४

#### शुभकामना

आन्तरिक तथा वाह्य स्रोत परिचलनको माध्यमबाट दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गरी जलविद्युतको उत्पादन, प्रशारण तथा वितरणसँग सम्बन्धित आयोजनामा ऋण वा स्व:पूँजीको रुपमा लगानी गर्ने प्रमुख उद्देश्यका साथ स्थापना भएको हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको ११ औं वार्षिकोत्सवको उपलक्ष्यमा कम्पनीका लगानीकर्ता, कम्पनी परिवार तथा सरोकारवाला सम्बन्धित सबै पक्षमा हार्दिक बधाई तथा प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

अर्थतन्त्रको प्रमुख आधार कृषि, पर्यटन र ऊर्जा हो । देश विकासका लागि जलश्रोत लगायतका प्राकृतिक श्रोतको उचित प्रयोग गर्नु आवश्यक छ । “पहिले विद्युत बत्तीका लागि, अबको विद्युत उज्वल भविष्यका लागि” भन्ने मान्यताका साथ अब हामीले औद्योगिकीकरण, यातायात सञ्चालन, सिँचाइमार्फत कृषि विकास, लिफ्टमार्फत खानेपानी, विद्युतीय सामग्रीको प्रयोग गरी उज्यालो भविष्यको लागि ऊर्जाको प्रयोग गर्नुपर्ने छ। ऊर्जाको आन्तरिक खपत बढाउनुको साथै खपत नहुने ऊर्जालाई निर्यात गरेर भए पनि आर्थिक विकास गर्न जरुरी छ । जलस्रोत र ऊर्जाको दिगो विकासमार्फत आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै समृद्ध नेपाल निर्माणका लागि सबैले आ-आफ्नो क्षेत्रबाट योगदान दिन आवश्यक छ ।

सरकारले ऊर्जा सुरक्षालाई मध्येनजर गर्दै ठूला जलाशययूक्त तथा अर्धजलाशययूक्त आयोजना निर्माणलाई उच्च प्राथमिकतामा राखेको छ । हालै नेपाल सरकारबाट बुढीगण्डकी जलाशययूक्त आयोजना सरकारबाट आफैं निर्माण गर्ने निर्णय भई  कम्पनी स्थापना गर्ने प्रक्रियामा रहेको छ । आन्तरिक तथा वाह्य वित्तीय स्रोत परिचलन गरी नेपाल सरकारले प्राथमिकतामा राखेका आयोजनाको वित्तीय व्यवस्थापनमा यस कम्पनीले नेतृत्वदायि भूमिका निर्वाह गर्न सक्नु पर्दछ। यस कम्पनीले सहायक कम्पनी मार्फत अघि बढाएका दुईवटा आयोजनाको विकासलाई थप प्रभावकारी बनाउँदै आगामी दिनमा वित्तीय स्रोत परिचलन र लगानीको क्षेत्रमा कम्पनीका गतिविधि केन्द्रीत गर्नुपर्ने छ ।

अन्तमा प्राप्त उपलब्धिलाई व्यवस्थित गर्दै कम्पनीले आगामी दिनमा अझ सृजनशील भएर जिम्मेवारी बहन गर्ने विश्वासका साथ पुन: हार्दिक बधाई तथा प्रगतिको शुभकामना व्यक्त गर्दछु ।
धन्यवाद ।
२०७९ असार २७ ।

पम्फा भुसाल
मन्त्री

कार्यालय: सिंहदरबार, काठमाडौं | फोन: ९७७-१-४२११५१३

---

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प.सं.:
च.नं.:

☎ ९७७-१-४२११५१६, ९७७-१-४२११५३१
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

#### शुभ-कामना

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको एघारौं वार्षिकोत्सवको शुभ-अवसरमा सर्वप्रथम म कम्पनीका लगानीकर्ता, कम्पनीबाट शेयर वा ऋण लगानी भएका कम्पनी वा आयोजना सम्बद्ध महानुभावहरू, कम्पनीका  वर्तमान तथा पूर्व पदाधिकारी एवम् कर्मचारी लगायत सबै सरोकारवाला प्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

जलविद्युतको उत्पादन, प्रशारण तथा वितरणसँग सम्बन्धित आयोजनाहरूको लगानीका क्षेत्रमा कम्पनीले विगत एघार वर्षमा गरेको उपलब्धि एवं प्राप्त अनुभवको आधारमा आगामी दिनमा कम्पनीको उद्देश्य तथा नेपाल सरकारको अपेक्षा बमोजिमको भूमिका र जिम्मेवारी निर्वाह गर्न कम्पनी थप क्रियासिल हुनेछ भन्ने विश्वास लिएको छु । जलविद्युत क्षेत्रको विकासले मूलुकको आर्थिक समृद्धि, वातावरण संरक्षण, रोजगारीको सृजना, गरिवी न्यूनीकण र व्यापार सन्तुलनमा समेत दुरगामी महत्व हुने सर्वविदितै छ । हाल यस क्षेत्रमा लगानी आकर्षित गर्न नेपाल सरकारबाट विभिन्न नीतिगत सुधारका कार्यक्रम अघि  सारिएको छ । यसबाट निजी क्षेत्र एवम् सर्वसाधारणमा समेत लगानीका लागि सकारात्मक वातावरण सृजना हुँदै गएको देखिन्छ । हाल नेपाल र भारत बीच वृद्धि हुँदै गएको विद्युत व्यापारको अवस्थाले विद्युतको उत्पादनसँगै बजारको सम्भावनालाई पुष्टि भएको छ । यसबाट लगानीकर्तालाई थप उत्साह र प्रेरणा मिल्ने नै छ ।

आयोजनाको वित्तीय व्यवस्थापनका लागि सहवित्तीयकरणको नेतृत्व गर्न नेपाल राष्ट्र बैंकबाट प्राप्त स्वीकृतिले कम्पनीको औचित्य र भूमिका थप प्रष्ट भएको छ । यसलाई अवसरको रूपमा लिई आन्तरिक वित्तीय स्रोतको परिचालन गरी जलविद्युतका क्षेत्रमा लगानी विस्तारका लागि कम्पनीले सार्थक प्रयास थाल्नु पर्ने खाँचो देखिन्छ । यस क्षेत्रका लागि आवश्यक लगानी आन्तरिक स्रोतबाट मात्र पूर्ति हुन नसक्ने हुँदा मुलुकको आवश्यकता र सरकारको प्राथमिकता अनुसार जलाशययूक्त तथा अर्धजलाशययूक्त ठूला आयोजना निर्माणको लागि लगानी जुटाउन बैदेशिक लगानीकर्तासँग समेत सार्थक सहकार्य गर्न कम्पनी थप सकृय हुन आवश्यक छ ।

जलविद्युतको उत्पादन, प्रशारण, वितरण तथा व्यापारको सन्तुलित विकासबाट मात्र सरकारले लिएको जलविद्युतको लक्ष्य पूर्ति हुन सक्ने भएकाले सम्वद्ध निकायहरू बीच सार्थक सहकार्यको आवश्यकता रहेको र यसका लागि नेपाल सरकारबाट आवश्यक समन्वय र सहजिकरण हुनेनै छ ।

ग्राहक तथा लगानीकर्ताको सन्तुष्टि, चुस्त र मितव्ययी संरचना, गतिशील र सक्षम नेतृत्व, स्व-उत्प्रेरित र अनुशासित कर्मचारी, पारदर्शी र वैज्ञानिक कार्यप्रणाली नै सफल संगठनका आधारभूत रहेको र कम्पनीको एघारौं वार्षिकोत्सवको यस अवसरले यस तर्फ थप कृयासिल हुन सम्वद्ध सबैमा थप ऊर्जा प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, कम्पनीलाई आजको अवस्थासम्म ल्याउन प्रत्यक्ष अप्रत्यक्ष योगदान गर्नु हुने नेपाल सरकार, व्यावसायिक साझेदार, शेयरधनी एवम् सम्बद्ध सरोकारवालाहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि थप सहयोग र सद्भाव प्राप्त हुने नै छ भन्ने विश्वासका साथ कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछु ।

**सुशिल चन्द्र तिवारी**
सचिव (ऊर्जा), ऊर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय
एवम्
अध्यक्ष, हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

---

Regd. No. 1300/067/068
PAN: 600232009

**Hydroelectricity Investment And Development Company Ltd.**
**हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड**
(A Company owned by Government of Nepal )

प.सं.
च.नं. *(Ref. No.)*:

नेपाल सरकारको जलविद्युत विकासको लक्ष्य पूरा गर्न आवश्यक पर्ने ठूलो परिमाण एवम् दीर्घकालीन प्रकृतिको  लगानी योग्य पूँजी परिचालन गर्ने विशिष्टीकृत “वित्तीय संस्था” को रुपमा वि.सं. २०६८ साल असार २७ गते नेपाल सरकार एवम् सरकारी निकायहरुको अधिकांश लगानी रहने गरी स्थापना भएको यो कम्पनी आज दश वर्ष पूरा गरी एघार वर्षमा प्रवेश गरेको छ । यस गौरवमय एवम् सुखद् क्षणमा सर्वप्रथम म मेरो व्यक्तिगत एवम् कम्पनीका सम्पूर्ण कर्मचारीको तर्फबाट कम्पनीको सञ्चालक समिति, लगानीकर्ता, सरोकारवाला, पूर्वपदाधिकारी एवम् कर्मचारी  तथा शुभचिन्तक प्रति हार्दिक शुभकामना व्यक्त गर्दै कम्पनीलाई वर्तमान अवस्थासम्म ल्याउन निर्वाह गर्नु भएको भूमिका प्रति कृतज्ञता सहित आभार व्यक्त गर्दछु ।

नेपालमा जलविद्युत विकासको अपार सम्भावना रहेको छ । जलविद्युत नै मुलुकको विकास र समृद्धिको प्रमुख आधार पनि हो । यस क्षेत्रको विकास र लगानीलाई नेपाल सरकारले उच्च प्राथमिकतामा राख्दै विभिन्न प्रोत्साहन र सहूलियतहरु समेत प्रदान गर्दै आईरहेको छ । यो कम्पनी जलविद्युतमा क्षेत्रमा लगानी गर्ने मुलुकको एकमात्र विशिष्टिकृत संस्था भएको, वित्तीय संस्थाको हैसियसतले सहवित्तीयकरणको नेतृत्व गर्न सक्ने गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएको, नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार सरकारी तथा सार्वजनिक निकायहरुवाट ठूला जलविद्युत आयोजनाहरुको निर्माण कार्य अघि बढाईएको एवम् निजी क्षेत्रका उद्यमी र सर्वसाधारणको समेत यस क्षेत्रको लगानीमा आकर्षण देखिएको सन्दर्भमा यस कम्पनीको आवश्यकता, सान्दर्भिकता र भूमिका अझै बढ्दै जाने प्रष्ट छ ।

कम्पनीको चार वर्षे रणनीतिक योजना कार्यान्वयनको चरणमा रहेको, वित्तीय संस्थाको रुपमा कम्पनी नेपाल राष्ट्र बैंकको नियमनको दायरामा आएको तथा जलविद्युत आयोजनाको ऋण लगानीमा सहवित्तीयकरणको नेतृत्व गर्न  नेपाल राष्ट्र बैंकबाट प्राप्त कार्यदेश बमोजिम केहि आयोजनाको नेतृत्व गर्ने प्रक्रिया समेत अघि बढी सकेको सन्दर्भमा कम्पनीको अवको गन्तव्य, लक्ष्य र मार्गचित्र प्रष्ट भएको छ ।

यसै सन्दर्भमा विगतका उपलब्धि र अनुभवहरुको रक्षा गर्दै आन्तरिक तथा वाह्य वित्तीय श्रोत परिचालनको माध्यमबाट सरकारी, सार्वजनिक एवम निजी क्षेत्रबाट प्रवर्द्धित जलविद्युत आयोजनाहरूको वित्तीय व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गरी नेपाल सरकारको जलविद्युत विकासको लक्ष्य पूरा गर्न कम्पनी प्रमुख सहयोगी संस्था बन्न सक्ने पर्याप्त सम्भावना रहेको छ। यसका लागि कम्पनी सदैव प्रतिवद्ध र क्रियासिल रहने नै छ। यसको अलावा जलविद्युत आयोजनाहरुको वित्तीय व्यवस्थापनको कार्यमा आयोजना प्रवर्द्धकहरुलाई सहजिकरण गर्ने तथा प्रस्तावित आयोजनाहरुको वित्तीय एवम् प्राविधिक विश्लेषणको क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुलाई विशिष्टिकृत सेवा  प्रदान गर्ने कार्य पनि कम्पनीको प्राथमिकतामा रहेका छन् ।

उल्लिखित रणनीतिक लक्ष प्राप्तिका लागि संस्थागत एवम् संरचनागत रूपान्तरण, रणनीतिक साझेदारीको विकास, दिगो एवम् भरपर्दो वित्तीय स्रोतको परिचालन, सुरक्षित र सन्तुलित लगानी व्यवस्थापन एवम् संस्थागत क्षमता अभिवृद्धि र सुशासनको प्रवर्द्धन आदि जस्ता रणनीतिक सुधारका कार्यलाई निरन्तरता दिदै लगानीकर्तालाई उपयूक्त प्रतिफल प्रदान गर्न सदैव क्रियाशिल रहने प्रतिवद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, तालुक मन्त्रालयको नीतिगत मार्गदर्शन, नेपाल सरकारका बिभिन्न निकाय र प्रवर्द्धक संस्थाहरूको सहयोग एवम् सहजिकरण, सञ्चालक समितिको सवल नेतृत्व, सर्वसाधारण लगानीकर्ता तथा सरोकारवालाको शुभेक्षा एवम् सम्पूर्ण कर्मचारीको सामुहिक क्रियाशीलताबाट आफ्नो लक्ष्य प्राप्तिमा कम्पनी सफल हुनेछ र आजको यस सुखद् क्षणले लक्ष प्राप्तिका दिशामा अघि बढ्न हामीलाई थप उर्जा प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्दछु। धन्यवाद ।

२७ असार, २०७९

अर्जुन कुमार गौतम
प्रमुख कार्यकारी अधिकृत


(साविकको नाम: जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड)
Hattisar, Kathmandu, Tel.: 01-4445013/14/15/16, Fax: +977-1-4445017
www.hidcl.org.np, Email: info@hidcl.org.np